# अनुसूची-५

खरायो साटासाट कार्यकमको खरायो मापदण्ड

(क) प्रजनन योग्य माउ खरायोमा हुनुपर्ने गुणहरुः

१. दुई वा दुई भन्दा बढि पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने ।

२. वितरण गर्नेखरायोमा कुनै पनि किसिमको हाडनाता नभएको हुनुपर्ने ।

३. पहिलो पटक व्याउने उमेर बढीमा ९ महिना हुनुपर्ने ।

४. कुनै पनि रोग नभएको हुनुपर्ने ।

५. छनोट गरि, बथानमा राखिने खरायोको जात अनुसारको गुण प्रष्ट देखिने भएको हुनुपर्ने ।

६. राम्रो दुध उत्पादन हुनुको साथै बच्चा हुर्काउन सक्ने शारिरिक बनावट अनुसार सकेसम्म धेरै थुन १२-१४वटा र कल्चौडो मिलेको ।

७. कुनै पनि किसिमको रोग नलागेको ।

८. स्थानीय हावापानीमा हुर्कन सक्ने साथै स्थानीय घाँसपात रुचाउने खालको हुनुपर्ने ।

९. कम्तीमा पनि माउ खरायोको शारिरिक तौल २ के.जी भएको हुनुपर्नेछ ।

(ख) प्रजनन योग्य खरायोमा हुनुपर्ने गुणहरुः

१. सकभर बढि पाठापाठी जन्माउने माउ खरायोको सन्तान हुनुपर्ने ।

२. प्रजनन् योग्य खरायोमा कुनै पनि किसिमको हाडनाता नाता नभएको हुनुपर्ने ।

३. आफ्नो दौतरिहरुको भन्दा बढी शारिरिक वृद्धिदर भएको ।

४. जातिय गुण प्रष्ट भएको हुनुपर्ने ।

५. दुवै अण्डकोष राम्रोसँग विकास भएको र अण्डाकोषको आकार बराबर भएको ।

६. कुनै पनि किसिमको रोग नलागेको ।

